ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ११ | बैठक मिति: २०८२।०१।१५

आज मिति २०८२/०१/१५ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

| नाम थर | पद |
|---|---|
| ........ मंगल सिह धामी | अध्यक्ष |
| ........ विनोद सिह कुँवर | सदस्य |
| ........ अशोक सिह बोहरा | सदस्य |
| ........ धिरन सिह बुढाथोकी | सदस्य |
| ........ उपेन्द्र सिह धामी | सदस्य |
| ........ झुन सिह विष्ट | सदस्य |
| ........ बिर सिह धामी | सदस्य |
| ........ राजेन्द्र सिह कुँवर | सदस्य |
| ........ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ........ आस्मती विसि | सदस्य |
| ........ कलम राम भूल | सदस्य |
| ........ कलावती डडाल | सदस्य |
| ........ धाना देबी बम | सदस्य |
| ........ पुर्णिमा ऐतवाल | सदस्य |
| ........ चन्द्र सिह कुँवर | सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| ........ विरा दत्त भट्ट | स.क.अ |

प्रस्तावहरु:

१. म्याद थप सम्बन्धमा।

२. सामुदायिक भवनहरुको जग्गा प्राप्ती सम्बन्धमा।

३. काठेपुल निर्माण सम्बन्धमा।

४. उपचार खर्च भुक्तानी तथा सोध भर्ना सम्बन्धमा।

५. प्रदेश सरकार संग योजना माग सम्बन्धमा।

६. कार्यक्रम सञ्चालन सम्बन्धमा।

७. रकमान्तर सम्बन्धमा।

८. योजना माग सम्बन्धमा।

९. विविध।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको ठेक्का नं 01NCB-VRM-2080/081, श्री हिमालय मावि हुती ब्याँस ६ को भवन निर्माण कार्य विविध कारणले तोकिएको समयमा पुरा गर्न नसकिने हुँदा म्याद थप गरिदिन भनि निर्माण व्यवसायी आवरण मेटल ई. कम्पनी प्रालिले अनुरोध गरेको हुँदा चार महिनाका लागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका क्षेत्रमा गाउँपालिका तथा विविध निकायको अनुदानमा निर्माण गरिएका सामुदायिक भवनहरुको जग्गा व्यक्तिगत नाममा रहेकाले उक्त सामुदायिक भवनहरु गाउँपालिकाको नाममा प्राप्त गर्नका लागि सम्बन्धित वडा कार्यालयहरुले आवश्यक कामकारवाही गर्ने निर्णय गरियो।

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा वर्षादको समयमा खोलाहरुमा तर्न समस्या हुने हुँदा तपसिल बमोजिम काठेपुल निर्माण कार्य उपभोक्ता समिति मार्फत अघि बढाउने निर्णय गरियो।

तपसिल

| क्र.सं | स्थानको नाम | वडा | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुधपानी काठेपुल निर्माण | वडा नं १ | ७०,०००/- | विपद व्यस्थापन कोष | |
| २ | चम्लिङ गाङफुक क्षेत्र काठेपुल | वडा नं १ | ६०,०००/- | विपद व्यस्थापन कोष | |
| ३ | गोठान काठेपुल निर्माण | वडा नं २ | ५०,०००/- | विपद व्यस्थापन कोष | |
| ४ | काठा दुम्लिङ काठेपुल निर्माण | वडा नं २ | ५०,०००/- | विपद व्यस्थापन कोष | |

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा नेपाल सरकारले तयार पारेको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" अनुसार मासिक औषधि उपचार खर्चका लागि निवेदन पेश गरेका लाभग्राहीहरुलाई नियमानुसार स्वास्थ्य कर्मचारीहरुका लागि प्राप्त हुने सशर्त चालु अनुदान तलब भत्ता शिर्षकबाट

सोध भर्नाहुने गरी रकम भुक्तानी दिने तथा कार्यविधि बमोजिम भुक्तानी गरिएको रकम सोध भर्नाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह पथ, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा विभिन्न विकास निर्माण कार्य गर्न आवश्यक रहेकाले तपसिल बमोजिमका योजनाहरु तपसिल बमोजिमका निकायमा माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको नाम | सम्बन्धित निकाय | कै |
|---|---|---|---|
| १ | छाङरु-छियालेक पदमार्ग निर्माण ब्याँस १ | उद्योग पर्यटन, बन तथा वातावरण मन्त्रालय सु.प.प्रदेश | |
| २ | तिपुलच्याक्ती तटबन्ध निर्माण ब्याँस १ | भौतिक पुर्वाधार विकास मन्त्रालय सु.प.प्रदेश | |
| ३ | छाङरु फासिन भु-क्षय रोकथाम ब्याँस १ | भौतिक पुर्वाधार विकास मन्त्रालय सु.प.प्रदेश | |
| ४ | कालापानी जाने बाटो मर्मत ब्याँस १ | भौतिक पुर्वाधार विकास मन्त्रालय सु.प.प्रदेश | |
| ५ | श्री कैलाशपति आ.वि. छाङरु घेर पर्खाल | सामाजिक विकास मन्त्रालय सु.प.प्रदेश | |
| ६ | श्री मोति महिला संघ आ.वि. तिंकर भवन मर्मत | सामाजिक विकास मन्त्रालय सु.प.प्रदेश | |
| ७ | राप्ला कलेजु देखि दुधबन जाने पदमार्ग ब्याँस २ राप्ला | आथिक मामिला मन्त्रालय सु.प.प्रदेश | |
| ८ | उच्च घनत्वको स्याउ बगैचा स्थापनाका साथै रैथाने बाली प्रवर्द्धन कार्यक्रम ब्याँस १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सु.प.प्रदेश | |

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार "कर्मचारी तथा जनप्रतिनिधिका लागि जीवन रुपान्तरण तथा सकारात्मक सोच विकास कार्यक्रम" शिर्षकमा बजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम सञ्चालनका लागि बरिष्ठ अन्तराष्ट्रिय प्रशिक्षक नर बहादुर कार्कीज्यूलाई आमन्त्रण गरि उहाँले लिने चलन चल्ती अनुसारको पारिश्रमिक रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथी छलफल गर्दा तपसिल बमोजिमको योजनालाई तपसिल बमोजिम कार्यान्वयन गरि उक्त रकमान्तर स्वीकृतिका लागि आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | शंशोधित शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हरिचन मन्दिर निर्माण वडा नं ६ (क्रमागत) | श्री हरिचन मन्दिर घेरवार तथा फिल्ड निर्माण | ३,००,००० (तीन लाख) | |
| २ | गोरिया धारो मुल संरक्षण बसेडी | तोसराडी डङर्चा खा.पा. बसेडी | ५०,००० (पचास हजार) | |

निर्णय नं ८. प्रस्ताव नं ८ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा आवश्यक तपसिल बमोजिमका योजनाहरु सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

| क्र.सं | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | राप्ला शाखा सडक | ब्याँस २ | |
| २ | सिद्ध मन्दिर खानेपानी मर्मत | ब्याँस २ | |
| ३ | तातोपानी संरक्षण | ब्याँस ३ | |
| ४ | सिना सडक स्तरोन्नती | ब्याँस ३ | |
| ५ | सिना-रानीकोट्टा-सिद्धटोपी पदमार्ग | ब्याँस ३ | |
| ६ | सिना तटबन्ध निर्माण | ब्याँस ३ | |
| ७ | डोकट घरतलि तटबन्ध | ब्याँस ४ | |
| ८ | खानेपानी मुहान संरक्षण डोकट | ब्याँस ४ | |
| ९ | ब्रह्म मन्दिर खानेपानी निर्माण डोकट | ब्याँस ४ | |
| १० | नौमुणे खानेपानी निर्माण डोकट | ब्याँस ४ | |
| ११ | मडगाउँ सडक स्तरोन्नती | ब्याँस ४ | |
| १२ | चन्दाकोट सडक स्तरोन्नती | ब्याँस ५ | |
| १३ | दोबिन्ना देवी मन्दिर पर्यटकीय पदमार्ग | ब्याँस ५ | |

निर्णय नं ९. प्रस्ताव नं ९(क) माथी छलफल गर्दा चालु आर्थिक वर्षमा सञ्चालित तपसिल बमोजिमका योजनाहरुको म्याद सम्पन्न भएकाले २०८२ असार १० गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | कालिढुङ्गा मन्दिर निर्माण | ब्याँस ४ | |
| २ | चर्पी घर निर्माण | ब्याँस १ | |
| ३ | शौचालय मर्मत तिंकर | ब्याँस १ | |

निर्णय नं १०. प्रस्ताव नं ९(ख) माथी छलफल गर्दा ब्याँस ३ सिनामा निर्माणाधिन तिजघरको जग्गा ३ नं वडा कार्यालयको नाममा प्राप्त हुने गरि जग्गादान प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं ११. प्रस्ताव नं ९(ग) माथी छलफल गर्दा हुती माडरौ देखी बसेडी सम्मको अवरुद्ध सडकलाई खुलाइएको हुँदा उक्त सडक खुलाउनका लागि लागेको जेसिबिको तेल तथा अपरेटरको खर्च प्राविधिक मुल्याङ्कन अनुसार कन्टिन्जेन्सी खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो॥

निर्णय नं १२. प्रस्ताव नं ९(घ) माथी छलफल गर्दा ब्याँस गाउँपालिका प्रवक्ता एवं वडा नं ३ का वडा अध्यक्ष उपेन्द्र सिह धामीलाई विभिन्न योजना मागका लागि संघीय राजधानी काठमाडौं पठाउने निर्णय गरियो।

निर्णय नं १३. प्रस्ताव नं ९(ङ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमका कडा रोगीहरुले औषधि उपचारका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकाले देहायको रकम उपचार सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | किसिम | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|---|
| १ | रुप सिह कुँवर | ब्याँस ६ | क्यान्सर | ५०,००० | उपचार कोष | |
| २ | वैशागी देबी कुँवर | ब्याँस ३ | क्यान्सर | ५०,००० | उपचार कोष | |

निर्णय नं १४. प्रस्ताव नं ९(च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा कार्यरत कर्मचारी नाप्रास विश्वेश्वर प्रसाद बडूलाई वडा नं १ को कार्यालयमा कामकाजका लागि खटाउने निर्णय गरियो।

निर्णय नं १५. प्रस्ताव नं ९(छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाद्धारा मिति २०८१।१२।०५ गते प्रकाशित सूचना बमोजिम जिवनउपयोगी सिप विकास तालिम तथा प्रविधि हस्थान्तरण कार्यक्रममा सहभागि हुन निवेदन पेश गरेका मध्ये तपसिल बमोजिमका लागि छनौट गर्ने निर्णय गरियो।

तपसिल

| सिलाई तालिम | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं** | **वडा नं ३** | १० | जानकी खाती | **क्र.सं** | **वडा नं ६** |
| १ | भागरथी देउरुखी | ११ | ममता कुँवर | १ | राधिका बम |
| **क्र.सं** | **वडा नं ४** | १२ | रुकुमा धामी | २ | दिपिका विष्ट भाट |
| १ | मञ्जु धामी | १३ | | ३ | लिला भट्ट |
| २ | करुणा विष्ट | १४ | | ४ | मानमति भण्डारी |
| ३ | तुलसी धामी | | | ५ | बसन्ती भण्डारी |
| ४ | रेखा धामी | **क्र.सं** | **वडा नं ५** | ६ | शारदा भट्ट |
| ५ | आसमती बोहरा विष्ट | १ | रुपा धामी | ७ | जानकी चन्द |
| ६ | लालमती खाती | २ | सिता विष्ट | ८ | सृजना कुँवर |
| ७ | मानमती खाती | ३ | रेवती धामी | ९ | मानमती कुँवर |
| ८ | रमिता महर विष्ट | ४ | गौरी धामी | १० | अञ्जु लुहार |
| ९ | शान्ति कुँवर | ५ | मिना धामी | | |

| बुनाइ तालिम | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं** | **वडा नं ४** | ७ | अमिरा बडाल | **क्र.सं** | **वडा नं ६** |
| १ | संगिता कुँवर | **क्र.सं** | **वडा नं ५** | १ | रविना लुहार |
| २ | सुमित्रा धामी | १ | हिमा देबी धामी | २ | रुक्मा लुहार |
| ३ | कृष्ण सिह धामी | २ | धाना धामी | ३ | ललिता लुहार |
| ४ | सुस्मिता धामी | | | ४ | रविना लुहार |
| ५ | राजु कुँवर | | | ५ | जसमा टमटा |
| ६ | विपना कुँवर | | | | |

| आरन व्यसायी तालिम | | | |
|---|---|---|---|
| **क्र.सं** | **वडा नं ४** | **क्र.सं** | **वडा नं ६** |
| १ | रन्जित राम कामी | १ | गोविन्द राम लुहार |
| २ | विजु राम कामी | २ | केशर राम लुहार |

| | | | |
|---|---|---|---|
| | | ३ | रतने राम टमटा |
| | | ४ | तुला राम टमटा |
| | | ५ | छुन्का लुहार |

| आरन व्यसायी तालिम | | | |
|---|---|---|---|
| क्र.सं | वडा नं ४ | क्र.सं | वडा नं ६ |
| १ | रन्जित राम कामी | १ | गोविन्द राम लुहार |
| २ | विजु राम कामी | २ | केशर राम लुहार |
| | | ३ | रतने राम टमटा |
| | | ४ | तुला राम टमटा |
| | | ५ | छुन्का लुहार |

| वेल्डिङ व्यसायी तालिम | | | |
|---|---|---|---|
| क्र.सं | वडा नं ४ | क्र.सं | वडा नं ६ |
| १ | रगविर राम कामी | १ | सुनिल राम टमटा |
| २ | कल्यान सिह विष्ट | | |
| ३ | हरक सिह महर | | |
| ४ | राजेन्द्र सिह विष्ट | | |
| ५ | सुनिल सिह कुँवर | | |
| ६ | केसर सिह विष्ट | | |
| ७ | प्रेम सिह खत्री | | |
| ८ | ललित भट्ट | | |

निर्णय नं १६. प्रस्ताव नं ९(ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं १ का स्थानीय कृष्ण कल्यान मानसिक रुपमा अस्वस्थ्य रहेकाले उहाँलाई औषधि उपचार खर्च तथा दैनिक जिवनयापन खर्च स्वरुप अध्यक्ष अक्षय कोष शिर्षकबाट रु १०,००० दश हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं १७. प्रस्ताव नं ९ (झ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा सुदूरपश्चिम प्रदेश सरकारद्धारा हस्तान्तरित बाननी झो.पु. देखी लटिनाथ मन्दिर बडूगाउँ सम्म पदमार्ग निर्माण योजनामा योजनास्थल भिरालो पाखो तथा चट्टानी भू-भाग भएकाले बाटो निर्माण गर्न अझै थप रकम आवश्यक पर्ने भएकाले सम्बन्धित निकायलाई थप रकम माग गर्ने निर्णय गरियो।

निर्णय नं १८. प्रस्ताव नं ९ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ मा सुदूरपश्चिम प्रदेश सरकारद्धारा हस्तान्तरित राप्ला कलेजु देखी दुधबन जाने पदमार्ग निर्माण योजनामा योजनास्थल भिरालो पाखो तथा चट्टानी भू-भाग भएकाले बाटो निर्माण गर्न अझै थप रकम आवश्यक पर्ने भएकाले सम्बन्धित निकायलाई थप रकम माग गर्ने निर्णय गरियो।

निर्णय नं १९. प्रस्ताव नं ९ (ट) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विकास निर्माणका योजनाहरु संघीय सरकार संग माग गर्नका लागि अध्यक्ष मंगल सिह धामी, प्रवक्ता उपेन्द्र सिह धामी र लेखापाल गोपाल सिह विष्टलाई संघीय राजधानी काठमाडौं पठाउने निर्णय गरियो।

निर्णय नं २०. प्रस्ताव नं ९ (ठ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ हुतीमा निर्माणाधिन १५ शैया प्राथमिक अस्पताल (ठेक्का नं: 05-NCB-BRM-2079/080) अन्तरगत निर्माण व्यवसायी च्याङमिला-उमा जे.भि.ले यस कार्यालयमा पेश गरेको भेरिएसन अर्डर प्रस्तावको सन्दर्भमा सो प्रस्तावमा उल्लेखित वस्तुहरु कार्यस्थलको वास्तविक अवस्था अनुरुप छन् वा छैनन् भन्ने विषयमा प्रारम्भिक प्राविधिक निरीक्षणबाट केही वस्तुहरुमा परिणाम तथा विवरण हेरफेर आवश्यक देखिएकाले उक्त भेरिएसन प्रस्तावको प्राविधिक तथा लागत पक्षको पुनरावलोकन प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २१. प्रस्ताव नं ९ (ड) माथी छलफल गर्दा स्वास्थ्य चौकी ब्याँस अन्तरगत रहने गरि आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्न भवन निर्माण गर्नुपर्ने र सो का लागि जग्गा दान सम्बन्धी सूचना प्रकाशन गरिएकोमा स्थानीय प्रदिप सिह बोहराले आफ्नो नाममा रहेको कित्ता नं ८७५, क्षेत्रफल १-७-०-२ बाट कार्यालयलाई आवश्यक पर्ने जग्गा दान गर्न इच्छुक रहेको भनि निवेदन पेश गरेको हुँदा उक्त जग्गा प्राप्ती प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २२. प्रस्ताव नं ९ (ढ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकालाई दार्चुला सदरमुकाम खलंगा संग जोड्ने छोटो सडक मार्गका रुपमा रहेको तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडकको शुन्य प्वाइन्ट दुँहु गाउँपालिका वडा नं ३ खेतीमा सडक निर्माणका क्रममा स्थानीय स्थानीय सुकदेब जोशीको घर चर्किए क्षती भएको हुँदा निजलाई विपद् व्यस्थापन कोष शिर्षकबाट रु २५ हजार रकम राहत प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं २३. प्रस्ताव नं ९ (ण) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ हुतीमा निर्माणाधिन अवस्थामा रहेको १५ शैया प्राथमिक अस्पताल (ठेक्का नं: 05-NCB-BRM-2079/080) को जग्गा अभावका कारणले मुख्य अस्पताल बल्क बी को स्थान स्थानान्तरण भएको हुँदा ब्लक बी र ब्लक सी जोड्ने पुलको डिजायन रिभ्यु गर्ने निर्णय गरियो।

निर्णय नं २४. प्रस्ताव नं ९ (त) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा निर्माणाधिन सामुदायिक भवन पनिखालको जग्गा ६ नं वडा कार्यालयको नाममा प्राप्त गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २५. प्रस्ताव नं ९ (थ) माथी छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं ४ डोबको देवसेखोलामा रहेको होमपाइप ब्लक भई खोलाको पानी जाडघट्ट वस्तीमा पस्ने जोखिम रहेकाले होमपाइप खोली वस्तीमा पानी जानबाट रोकथामका लागि अमानत प्रकृयाबाट प्राविधिक लागत अनुमानका आधारमा उक्त कार्य गर्ने तथा सो वापतको रकम विपद व्यस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २६. प्रस्ताव नं ९ (द) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकालाई नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त एम्बुलेन्स दुर्घटनाग्रस्त भई मर्मत गर्नुपर्ने भएको हुँदा प्राविधिक लागत अनुमान अनुसार मर्मत कार्य अघि बढाउने तथा सो वापत हुन आउने खर्च स्रोत सुनिश्चित गरि भुक्तानी दिने निर्णय गरियो।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ११ बैठक मिति: २०८२।०१।१५

निर्णय नं २७. प्रस्ताव नं ९ (ध) माथी छलफल गर्दा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको च.नं. ४८, मिति २०८१।१२।२६ गतेको प्राप्त पत्रानुसार वार्षिक कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम सञ्चालन गर्न यस गाउँपालिकालाई रु साठी हजार शर्शत अनुदान प्राप्त भएको हुँदा तथ्याङ्क संकलन गर्ने कर्मचारीलाई फिल्डमा खटाए वापत उक्त अनुदान रकमबाट यातायात, खाजा, खाना र वासको खर्च उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं २८. प्रस्ताव नं ९ (न) माथी छलफल गर्दा ब्याँस गाउँपालिका र IDS नेपालको लागत साझेदारीमा सम्झौता बमोजिम पहिलो चरणमा तपसिल बमोजिमको विद्यालयहरुमा भान्साघर निर्माण गर्ने निर्णय गरियो।
तपसिल
श्री सम्पाल मावि सुन्सेरा ब्याँस ४
श्री ब्रह्मस्थान मावि डोकट ब्याँस ४

निर्णय नं २९. प्रस्ताव नं ९ (प) माथी छलफल गर्दा केही दिनपछि वर्षादको मौषम सुरु हुने तथा यस गाउँपालिका क्षेत्र जोड्ने सडक अवरुद्ध भई राप्ला, सिना, सुन्सेरा, धौलाकोट, हुती लगायतका गाउँमा खाद्यान्नको अभाव हुने हुँदा पन्ध्र सय क्विन्टल खाद्यान्न कोटा थप गरि २०८२ असार मसान्त भित्र ढुवानीको व्यवस्था मिलाइदिन खाद्य व्यवस्था तथा व्यापार कम्पनि लिमिटेडका सम्बन्धित कार्यालयहरुमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ३०. प्रस्ताव नं ९ (फ) माथी छलफल गर्दा २०८१।०८२ को वार्षिक स्विकृत वार्षिक कार्यक्रम अनुसार बालबालिका लक्षित कार्यक्रम शिर्षकमा विनियोजन भएको रु दुई लाख बजेट मध्ये एक लाख रकम चलचित्र जुना प्रर्द्धनमा खर्च गरिएको तथा बाकी रहेको एक लाख रकमबाट गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा अध्ययनरत टुहुरा विद्यार्थीहरुको शैक्षिक वृतिका लागि सामग्री वितरण गर्ने निर्णय गरियो।

निर्णय नं ३१. प्रस्ताव नं ९ (ब) माथी छलफल गर्दा यस ब्याँस गाउँ कार्यपालिकाको कार्यालयमा विपद् राहतका लागि निवेदन पेश भएको हुँदा ब्याँस गाउँपालिका प्राकृतिक विपद् पिडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५ बमोजिम तपसिलको राहत रकम भुक्तानी दिने निर्णय गरियो।
तपसिल

| क्र.सं | लाभग्राहीको नाम | ठेगाना | किसिम | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|---|
| १ | धौली कुँवर | ब्याँस ४ | आगन भत्किएको | ५०००/- | विपद् व्यवस्थापन | |
| २ | देब दत्त भट्ट | ब्याँस ६ | घर जोखिम | १०,०००/- | विपद् व्यवस्थापन | |
| ३ | दुर्गा दत्त बडू | ब्याँस ६ | घर जोखिम | १०,०००/- | विपद् व्यवस्थापन | |